# व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन (पहिलो संशोधन) नियमावली, २०६८

नेपाल राजपत्रमा प्रकाशित मिति

२०६८।५।१९

व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिले व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा १०८ ले दिएको अधिकार प्रयोग गरी यी नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन (पहिलो संशोधन) नियमावली, २०६८ रहेको छ।

(२) यो नियमावली २०६८ साल भाद्र १ गतेदेखि प्रारम्भ भएको मानिनेछ।

२. **व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ को नियम ४६ मा संशोधन** : व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४६ को, -

(१) उपनियम (१) मा रहेको "वैदेशिक छात्रवृत्तिमा" भन्ने शब्दहरू पछि "वा स्वदेशी विश्वविद्यालयबाट प्राप्त छात्रवृत्ति वा कोटामा" भन्ने शब्दहरू थपिएको छ।

(२) उपनियम (८) मा रहेको "सचिवालयको पूर्व स्वीकृति लिनु पर्नेछ।" भन्ने वाक्यांशको सट्टा "सचिवालयलाई जानकारी दिनु पर्नेछ।" भन्ने वाक्यांश राखिएको छ ।

३. **मूल नियमावलीको नियम ८१ मा संशोधन** : मूल नियमावलीको नियम ८१ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीको नेतृत्व मूल्याङ्कनका लागि देहायको मूल्याङ्कन समिति गठन गरिनेछ :-

(क) महासचिव - संयोजक

(ख) व्यवस्थापिका-संसदको सचिव - सदस्य

(ग) सचिवालय सचिव - सदस्य



नेपाल कानून आयोग

| | | |
|---|---|---|
| (घ) | समितिले तोकेको प्रशासन तथा व्यवस्थापन विशेषज्ञ | - सदस्य |
| (ङ) | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक | - सदस्य” |

(२) उपनियम (६) मा रहेको “उपनियम (१)” भन्ने शब्द र अंकको सट्टा “उपनियम (२)” भन्ने शब्द र अंक राखिएको छ ।

४. **<u>मूल नियमावलीको नियम ८६ मा संशोधन</u>** : मूल नियमावलीको नियम ८६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

“(१) व्यवस्थापिका-संसद सेवामा बहाल रहेको कुनै कर्मचारी वा निजको पति वा पत्नीलाई स्वदेश वा विदेशमा उपचार गर्न नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेको आधारमा नियम ८५ को उपनियम (१) बमोजिम पाउने उपचार खर्चको अतिरिक्त देहायको समितिको सिफारिसमा समितिले उचित ठहऱ्याएको रकम थप आर्थिक सहायताको रूपमा दिइनेछ :-

| | | |
|---|---|---|
| (क) | महासचिव | - अध्यक्ष |
| (ख) | व्यवस्थापिका-संसदको सचिव | - सदस्य |
| (ग) | सचिवालय सचिव | - सदस्य |
| (घ) | अर्थ मन्त्रालयको सचिव | - सदस्य |
| (ङ) | स्वास्थ्य मन्त्रालयले तोकेको वरिष्ठ चिकित्सक | - सदस्य |
| (च) | कर्मचारी युनियनको अध्यक्ष | - सदस्य” |

५. **<u>मूल नियमावलीको नियम ९३ मा संशोधन</u>** : मूल नियमावलीको नियम ९३ को सट्टा देहायको नियम ९३ राखिएको छ :-

“९३. **<u>पारिवारिक निवृत्तभरण सम्बन्धी विशेष व्यवस्था</u>** : (१) ऐनको दफा ५३ को उपदफा (४) बमोजिम मृतक कर्मचारीको नाबालक सन्ततिलाई पारिवारिक निवृत्तभरण प्रदान गर्दा सोही दफाको उपदफा (३) बमोजिम मृतक कर्मचारीको पति वा पत्नीले पाए सरहको रकम त्यस्तो नाबालिग सन्तति अठार वर्ष नपुगेसम्म प्रदान गरिनेछ ।



नेपाल कानून आयोग

(२) ऐनको दफा ५५ को उपदफा (५) बमोजिम मृतक कर्मचारीको नाबालिग सन्ततिलाई पारिवारिक निवृत्तभरण प्रदान गर्दा सोही दफाको उपदफा (१) बमोजिम मृतक कर्मचारीको पति वा पत्नीले पाए सरहको रकम अठार वर्ष नपुगेसम्म प्रदान गरिनेछ ।

(३) यस नियम बमोजिम पारिवारिक निवृत्तभरण पाउने सन्तति एकभन्दा बढी भएमा यस नियम बमोजिम पाउने रकमबाट त्यस्ता प्रत्येक सन्ततिलाई समान हिस्सामा उपलब्ध गराइनेछ ।

(४) उपनियम (३) बमोजिम पारिवारिक निवृत्तभरण उपलब्ध गराउँदा कुनै सन्ततिको उमेर अठार वर्ष पुगेको र कुनैको नपुगेको भए अठार वर्ष उमेर नपुगेका सन्ततिबीच हिसाब गरी पारिवारिक निवृत्तभरणको हिस्सा कायम गरिनेछ ।”

६. **मूल नियमावलीको नियम ९६ मा संशोधन** : मूल नियमावलीको नियम ९६ को खण्ड (१) मा रहेको “राजपत्र अनङ्कित” भन्ने शब्दपछि “र श्रेणीविहिन” भन्ने शब्दहरू थपिएको छ ।

७. **मूल नियमावलीको नियम १३१ मा संशोधन** : मूल नियमावलीको नियम १३१ को,-

(१) नियम शीर्षक पछि “(१)” राखिएको छ ।

(२) उपनियम (१) मा रहेको “परीक्षणकाल समाप्त भई” भन्ने शब्दहरूको सट्टा “व्यवस्थापिका संसद सेवामा नियुक्ति भई” भन्ने शब्दहरू राखिएको छ ।

(३) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

“(३) कर्मचारीहरूको बीमा बापत लाग्ने वार्षिक प्रिमियमको सम्पूर्ण रकम सचिवालयले व्यहोर्नेछ ।”

८. **खारेजी** : मूल नियमावलीको नियम ६९ खारेज गरिएको छ ।

९. **मूल नियमावलीको अनुसूची १२ मा संशोधन** : मूल नियमावलीको अनुसूची-१२ को सट्टा देहायको अनुसूची-१२ राखिएको छ :-

नेपाल कानून आयोग

# "अनुसूची-१२

(नियम ८४ र नियम १०८ को उपनियम (१) सँग सम्बन्धित)

## भत्ता

| भत्ताको किसिम | राजपत्राङ्कित कर्मचारीको लागि | राजपत्र अनङ्कित र श्रेणीविहिन कर्मचारीको लागि |
|---|---|---|
| आवास भत्ता (कर्मचारी र मर्यादापालकको लागि) | प्रति महिना रु.३,५००।- | प्रति महिना रु.३,०००।- |
| शैक्षिक भत्ता (कर्मचारी र मर्यादापालकको लागि) | प्रति महिना रु. ३००।- | |
| सुरक्षा भत्ता (मर्यादापालकका लागि मात्र) | प्रति महिना रु. ५००।- | |

नेपाल कानून आयोग